परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक




१९औँ एसियाली खेलकुदमा नेपाललाई पहिलो पदक


• वर्ष २ • अंक १२७ • २०८० असोज २० गते शनिबार • (7-October-2023) • पृष्ठ ४ • मुल्य रु ५।- www.talknepaltv.com


## आरती साह प्रकरणमा पति र ससुरालाई साधारण तारेखमा रिहा गर्न आदेश

■ टक नेपाल



जनकपुरधाम । जनकपुरधामकी आरती साह मृत्यु प्रकरणमा उच्च अदालत जनकपुरले पुर्पक्षका लागि थुनामा रहेका पति र ससुरालाई साधारण तारेखमा रिहा गरेको छ । मुख्य न्यायाधीश शारदा सुवेदी र किरणकुमार पोखरेलको संयुक्त इजलासले पति मोति बाबु साह र ससुरा मदन मोहन ब्याहुत सुडीलाई साधारण तारे खमा रिहा गर्ने आदेश दिएको अदालतका श्रेस्तेदार खडगराज अधिकारीले जानकारी दिए । जेठ ७ गते आफ्नै घर जनकपुरधाम उपमहानगरपालिका- ९ थापाचोकमा मृत फेला परेकी आरतीको हत्या भएको भन्दै माइती पक्षले जाहेरी दिएपछि प्रहरीले आरतीको पति र ससुरालाई पक्राउ गरी अनुसन्धान गरेको थियो। दुबैजनामाथि असार १ गते जिल्ला अदालत धनुषामा कर्तव्यज्यान मुद्दा सरकारी वकिलको कार्यालयले दर्ता गराएको थियो। त्यही मुद्दामा असार ५ गते जिल्ला अदालत धनुषाले पति र ससुरालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश दिएको थियो। मृतक आरतीकी बुबाले विनोद साहले दिएको जाहेरीमा पति मोतिबाबु र ससुरा मदन मोहनले कर्तव्यज्यान गरेको भन्ने कुरामा आधार प्रमाण नदेखिएको उच्च अदालतको ठहर छ। उनीहरुले बयानको समयमा समेत पूर्ण रुपमा आरोप अस्विकार गरेको श्रेस्तेदार अधिकारीले भने।

## अविवाहित पुरुषलाई भत्ता, सात दिनभित्र निवेदन आग्रह

■ टक नेपाल

तेह्रथुम । तेह्रथुमको आठराई गाउँपालिकाले अविवाहित पुरुषलाई भत्ता दिने भएको छ । पालिकाले ६० वर्ष माथिका अविवाहति पुरुषलाई भत्ता दिन लागेको हो। ६० वर्ष पूरा भएको अविवाहित वा श्रीमतीको मृत्यु भएको पुरुषलाई भत्ता दिने तयारी गरिएको हो । एकल पुरुष भत्ता वितरण सम्बन्धि २०८० बमोजिम भत्ता दिने तयारी गरिएको पालिकाले जारी गरेको सूचनामा उल्लेख छ । सात दिनभित्र भत्ताका लागि निवेदन दिन पालिकाले भनेको छ ।

## जलेश्वरका मेयरको आलोचना गरेपछि युवा बद्रीनाथ झा पक्राउ, साइबरक्राइम मुद्दा लगाइयो

■ टक नेपाल



बर्दिबास । सामाजिक संजालमा जलेश्वरका मेयरको आलोचना गरेको आरोपमा एक युवकलाई प्रहरीले पक्राउ गरेको छ । महोत्तरीको जलेश्वर नगर पालिका ३ का ४० वर्षीय बद्रीनाथ झालाई प्रहरीले बिहीबार पक्राउ गरेको हो । आफ्नोविरुद्धमा समाजिक संजालमा लेखेको भन्दै जलेश्वरका मेयर सुरेश साह सोनारले दिएको जाहेरीको आधारमा झालाई पक्राउ गरेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए । उनका अनुसार पक्राउ परेका झामाथि साईबर अपराध कसुर मुद्दा चलाइएको छ । बिहीबार उनलाई महोत्तरी जिल्ला अदालतबाट हिरासतमा राख्ने पाँच दिनको म्याद थप गरेर अनुसन्धान गरिरहेको महोत्तरी प्रहरीले जनाएको छ । पक्राउ परेका झा समाजिक संञ्जालमा स्थानीय स्तरमा हुने भ्रष्टाचार, विक्रीति व्यतिथिको उजागर गरिरहन्छन् । मेयरकै आरोचना गरेको आरोपमा उनलाई पक्राउ गरेपछि चौतर्फी विरोध भइरहेको छ ।

## मिथिला नगरपालिकाका निजामती कर्मचारी धर्नामा

■ टक नेपाल




जनकपुरधाम । धनुषास्थित मिथिला नगरपालिकामा कार्यरत निजामती कर्मचारीहरुले धर्ना दिएर विरोध कार्यक्रम गरेका छन्। संघीय निजामती कर्मचारी सेवा ऐनको माग गर्दै निजामती कर्मचारीहरुले शुक्रबार नगर पालिकाको परिसरमित्र धर्ना दिएर विरोध कार्यक्रम गरेका हुन्। स्थानीय तह कर्मचारी केन्द्रीय संघर्ष समितिले निर्धारण गरेको विरोधका कार्यक्रम अन्तर्गत मिथिला नगरपालिकाका ३४ जना कर्मचारी हातमा कालो पट्टी बाँधेर धर्नामा बसेको संघर्ष समिति मिथिला नगरपालिकाले जानकारी दिएको छ । देश भरिका स्थानीत तहमा अत्यावश्यक सेवा बाहेकका अन्य सबै सेवा प्रवाह नगर्ने गरी अनिश्चितकालीन पेन डाउन गर्ने केन्द्रीय निर्देशन रहेको र सोही अनुसार यस नगर पालिकामा सेवा प्रवाह बन्द रहने व्यहोराको जानकारी संघर्ष समितिले गराएको छ । वर्तमान अवस्थामा स्थानीय सेवाका कर्मचारीहरुको वृति विकास एवम् सेवाको सुरक्षालगायतका विषयमा २० बुँदे मागसहित उनीहरु निरन्तर आन्दोलन गर्दै आएका छन् ।


दाँत तथा मुख, कपाल र अनुहार सम्बन्धि

सम्पूर्ण उपचार हाम्रै सहर बर्दिवासमा

कस्मेटिक फेस उपचार :

१.हाईड्राफेसियल उपचार(Hydrafacial)
२.अनुहारको चायाँ,पोतो,डण्डिफोर र रिंकल्स आदिको उपचार
३.कपाल बृद्धि उपचार(PRP$GFC)
४.स्कयाल्प माईक्रोपिगमेन्टशन
५.भौं माईक्रोब्लेडिड(Permanent eye Brow )
६.झुरियाँ उपचार
७.चिल्लो मुस्कानको उपचार (Botox,filler&Thread)
८.ओंठ पिग्मेन्टेशन
९.केमिकल पिलिङ्ग
१०.लेजर(HIFU,Tatoo&Hair Removal)
११.बिबि ग्लो
१२.ब्युटि स्पट
१३.कानको लोप ममर्त
१४.माईक्रोनिडलिंग उपचार
१५.स्कीन(Tags,Mole Removal)

हाम्रो सेवाहरू :

दाँतको उपचार:

१.दाँतको उपचार (X-ray (RVG)
२.जराको उपचार (3D RCT)
३.गिजाको शल्यक्रि
४.जराको सर्जरी
५.चिरफार गरी दाँत निकाल्ने
६.तलमाथि सम्पूर्ण दाँत निकाल्ने
७.बाङगो टिङगो र छिद्रा दाँत मिलाउने (Fixed Ortho)
८.स्थायी दाँत लगाउने
९.बन्द मुख खोल्ने उपचार
१०.हड्डी सम्बन्धी (Fracture of Jaw Bone)
११.दाँत टल्काउने(Bleaching)
१२.दाँत प्रत्यारोपन(Dental implants)

20% छुट सबै सेवामा

नोटः आधुनिक मेशिनद्वारा दाँत तथा मुख, कपाल र अनुहारको उपचार
निशुल्क परामर्श सेवा
कस्मेटिक तथा दन्त उपचार १५ छुट
अपाङ्ग तथा जेष्ठ नागरिकलाई ५० छुट दन्त उपचार लागि मात्र






DR.SHAMBHU KUMAR SHARMA
BDS,PGDCC

शर्मा ओरल डेन्टल केयर एण्ड फेस क्लिनिक प्रा.लि.
मेन रोड, बर्दिबास
मो. ९८००८७९८५८, ९७४६६७०३९२



Healthy Living Nepal Pvt. Ltd.
Bardibas Branch-1, Mahottari (Madhesh Pradesh)

अमित ढुंगाना, बैजनाथ चौधरी
मो. ९८०१८८२१५३, ९८४४२५१७९९, ९७०३७७४७८४

हरेक प्रोडक्टमा बम्पर अफर !






जलेश्वर रोड, भोलाबसन्त चौक (पावन मिथिला होटलको अगाडी)

# ....सम्पादकीय

## स्वास्थ्य क्षेत्रमा सरकारको निरीहता

नेपालमा कुनै समय मृत्युदण्डको सजायको समेत व्यवस्था थियो । जतिबेला मृत्युदण्डको सजायको ब्यवस्था थियो, त्यत्तिबेला शासकहरुले आफु बिरुद्ध लागेहरुलाई हत्या गर्नका लागि यो कानुन लक्षित गरेको थियो ।समय फेरियो अनि कानुन पनि फेरियो । अहिले नेपालमा मृत्युदण्डको ब्यवस्था त छैन तर सजाय मिनाहा गर्ने परिपाटी चैं छ । मानिस राम्रो काम गरेर जेल पर्ने कुरै आउदैन । एकाध घटना बाहेक कुनै न कुनै अपराधमा संलग्न व्यक्ति नै जेल जाने हो ।तर, नेपालमा पछिल्ला दिनमा भने गज्जबको परिपाटीको विकास भएको छ। सरकारले आफ्ना कार्यकर्ताहरु जेलमा परे भने वा कुनै कुनै घटनामा चैं गम्भीर अपराधमा संलग्न अपराधीहरुलाई पनि माफी दिने परिपाटीको विकास भएको देखिन्छ । पछिल्लो समय यस्तै भएको छ । राष्ट्रपतिले एक गम्भीर अपराधमा संलग्नलाई आम माफी दिएपछि त्यो पीडित परिवार झनै पीडामा परेको छ ।माफीको नियम नै नेपालको सन्दर्भमा गलत छ। जथाभावी जसलाई पनि माफी दिने चलन नेपालमा बसेको छ। अपराधमा संलग्नलाई माफी त दिने कुरै हुदैन। सजाय त कडा हुनुपर्नेमा झन् माफीको व्यवस्था भयो भने त यसले कानुनी शासनको खिल्ली नै उडाउने हो ।त्यसैले सरकारले आम माफीका सवालमा लिएकोनीतिएकदमैगलतछयोसच्चाउनआवश्यक छ। हाले रिगल भनिने गुण्डा नाइनेका सवालमा भएको गम्भीर त्रुटी पनि सच्चाउन आवश्यक छ।




हरेक नेभेषका घटनाहरुको सुष्म अध्यन गरेर सत्यतथ्य समाचार पस्किन हाम्रो टिम हरपल कटिबद्ध छ ।

# १९औँ एसियाली खेलकुदमा नेपाललाई पहिलो पदक

■ टक नेपाल



काठमाडौं । चीनको हाङ्झाउमा जारी १९औँ एसियाली खेलकुदमा नेपालले पहिलो पदक प्राप्त गरेको छ । नेपालले महिला कबड्डीतर्फ कास्य पदक प्राप्त गरेको हो । महिला कबड्डीको सेमिफाइनलमा नेपाल भारतसित पराजित भएको छ । भारतसित पराजित भएसँगै नेपाल कास्य पदकमै सीमित भएको हो । केहीबेर अघि सम्पन्न सेमिफाइनल खेलमा भारतले नेपाललाई ६१-१७ अंकले पराजित गरेको हो । नेपाल समूह 'बी'को उपविजेताका रूपमा सेमिफाइनल प्रवेश गरेको हो । यस्तै भारत समूह 'ए' को विजेता बन्दै सेमिफाइनलमा प्रवेश गरेको हो । सेमिफाइनमा प्रवेश गरेसँगै नेपालले जारी एसियाली प्रतियोगितामा कम्तिमा कास्य पदक पक्का गरेको हो । कबड्डीमा सेमिफाइनल पुग्ने चारवटै टोलीले पदक प्राप्त गर्ने प्रावधान छ । महिला कबड्डीतर्फ नेपालले पहिलोपटक एसियाली खेलकुदमा भाग लिएको हो । नेपाल रहेको समूह 'बी' मा इरान र बङ्गलादेश रहेका थिए । इरान समूह 'बी'को विजेताका रूपमा प्रतियोगिता को सेमिफाइनलमा प्रवेश गरेको छ। इरानले अहिले समूह 'ए' को उपविजेता चाइनिज चाइपेईसित प्रतिस्पर्धा गर्दै छ । यसअघि नेपालले पहिलो खेलमा सोमबार बङ्गलादेशलाई ३७-२४ अङ्कले पराजित गरेको थियो भने दोस्रो खेलमा मङ्गलबार इरानसित १९-४३ अङ्कले पराजित भएको थियो । नेपाली टोलीमा मेनुकाकुमारी राजवंशी (कप्तान), मानमती विष्ट, जयन्ती बडु, सुनिता थापा, रबिना चौधरी, अनुजा कुलुङ राई, गङ्गा घिमिरे, नितु गुरुङ, इशा राई, अर्पणा चौधरी, सिर्जना थारु र कलावती पन्त रहेका थिए। टोलीका प्रशिक्षकमा विष्णुदत्त भट्ट रहेका थिए ।

बर्दिवास नगरपालिकाको स्वीकृत संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ६ को उपदफा (३) संग सम्बन्धित

धन बहादुर तामाङ्गको नम्बरी जग्गा सम्याउने क्रममा उत्खनन् हुने ढुङ्ग, ग्राभेल, बालुवा र माटोको लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी

### सार्वजनिक सूचना

**(प्रथम पटक प्रकशित मितिः २०८०/०६/२०)**

मधेश प्रदेश, महोत्तरी जिल्ला बर्दिवास नगरपालिका–४ का धन बहादुर तामाङ्ग द्वारा देहाय बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **नामः** धन बहादुर तामाङ्ग<br>**ठेगानाः** महोत्तरी जिल्ला बर्दिवास नगरपालिका–४<br>**इमेलः**<br>**सम्पर्क नः** ९८१५८६८६१५ |
| **प्रस्तावको व्यहोराः** | बर्दिवास नगरपालिका वार्ड नं. ४ बस्ने धन बहादुरको कि.नं. ५२५ क्षेत्रफल ०-८-० को निजी हकभोगको जग्गा करार सम्झौता बमोजिम उक्त जग्गा सम्याउने क्रममा उत्खनन् हुने ढुङ्गा, ग्राभेल, बालुवा र माटोलाई व्यवसायिक रुपले श्री प्रेम शत्ति कन्स्ट्रक्सन एण्ड सप्लायर्सले बिक्री वितरण गर्न |
| **प्रभाव पर्न सक्ने क्षेत्र** | महोत्तरी जिल्ला बर्दिवास नगरपालिका–४ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न बर्दिवास नगरपालिका, ४ वडा समिति, तथा त्यस क्षेत्रका विद्यालय, स्वास्थय संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थाको राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र देहायमा उल्लिखत ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगानाः** | **नामः** धन बहादुर तामाङ्ग<br>**ठेगानाः** महोत्तरी जिल्ला बर्दिवास नगरपालिका–४<br>**इमेलः**<br>**सम्पर्क नः** ९८१५८६८६१५ |
| **परामर्शदाताको नाम र ठेगानाः** | **नामः** रेडियन्स इन्भाइरोमेन्ट्ल सोलुसन्स् प्रा.लि. बीरगंज-१०, पर्सा<br>**ठेगानाः** बीरगंज-१०, पर्सा<br>**सम्पर्क नं.** : ९८४५२३१२९८<br>**इमेल** : redianceenvironmentalsolution@gmail.com |

# अख्तियारले चासो लिएपछि...

अख्तियारले पाँच दिन अघि मात्र मेल मार्फत नगरपालिकालाई पत्र पठाएको उनले बताए । प्राप्त नगरपालिकाले वडा नम्बर ३ लाई पठाएको उक्त आशयको पत्रमा दर्ता नम्बर तथा दर्ता मिति समेत केरमेट गरिएको छ। निमित्त प्रमुख प्रशासकीय अधिकृत दिवाकान्त चौधरीले पत्रमा हस्ताक्षर गरेका छन् । गत आर्थिक वर्षको भुक्तानी दिने अन्तिम मिति असार २४ का दिन रहेको र त्यति बेला नगर पालिकामा प्रमुख प्रशासकीय अधिकृत पुरुषोत्तम घिमिरे रहेकै अवस्थामा चौधरीले निमित्त प्रमुख प्रशासकीय अधिकृतका नाममा कसरी सही गरे ? भन्ने प्रश्न उठेको एक स्थानीयको कथन छ । पशुपंक्षी विकास तथा भेटरिनरी शाखा प्रमुख रेखा चौधरी सित कामै नगरी भुक्तानी कसरी भयो भनि गत भदौमा राखिएको जिज्ञासामा त्यस बारे आफूलाई जानकारी नरहेको बताएका थिए। तपाईंले वडालाई लेखिएको पत्रमा कसरी सही गर्नु भयो ? भनि गत शुक्रबार फेरि जिज्ञासा राख्दा आफूलाई झुक्याएर सही गराएको बताए । पेडा प्रबर्द्धन कार्यक्रम आफ्नै शाखा अन्तर्गतकै रहेको भए पनि आफूलाई जानकारी नै नदिई काम भएको उनको कथन छ। यस बारे प्रमुख प्रशासकीय अधिकृत घिमिरेसित शुक्रबार( हिजो) बुझ्न जाँदा उनीसित कार्यालयमा सम्पर्क हुन सकेन । निमित्त प्रमुख प्रशासकीय अधिकृतका रुपमा चौधरीसित गराईएको वडाका नामको पत्रको मितिका दिन घिमिरे कार्यालयमा रहे नरहेको बारेमा हाजिरी रजिष्टर देखाउन भन्दा कार्यालयले देखाउन चाहेन । पहिले कामै नगरी भुक्तानी दिएको र पछि अख्तियारले चासो देखाएपछि कागजपत्र मिलानमा नगरपालिका लागेको विषयमा गत निर्वाचनमा सोही नगरपालिकाका मेयरका प्रत्याशी भोलाकुमार पासवानले अख्तियारमा फँस्ने डरले फर्जी कागज तयारीको प्रकृया अघि बढाएको भन्दै यस्तो कार्य घोर भ्रष्टाचारी रहेको बताएका छन् ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | बिहान सामान्य काममा अलमल हुने सम्भावना छ। | तुला | स्वास्थ्य कमजोर रहनाले चिताएको काम पूरा गर्न नसकिएला। |
| बृष | बिहानको समय भेटघाटमा अलमल हुन सक्छ। | वृश्चिक | विशेष काम गर्न बिहानको समय अनुकूल छ। |
| मिथुन | बिहान खर्च बढ्नुका साथै अर्थअभावले सताउन सक्छ। | धनु | रोकिएका काम बन्नाले नयाँ योजनातर्फ अग्रसर भइनेछ। |
| कर्कट | आम्दानीका नयाँ स्रोत फेला पर्नेछन्। | मकर | प्रतीक्षित नतिजा कमजोर देखिनाले काम दोहो र्याउनुपर्ला। |
| सिंह | प्रतिष्ठित काम सम्पादन गर्दै लोकप्रियता हासिल गर्न सकिनेछ। | कुम्भ | बिहानको समय प्रतिकूल देखिएकाले काममा हतार नगर्नुहोला। |
| कन्या | पहिलेका कमजोरी बाहिर आउनाले प्रतिष्ठामा समस्या पर्ला। | मीन | बिहानको समय लाभदायक रहनेछ पेसा-व्यवसायमा फाइदा हुनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस् ।

# चाडपर्वमा यस वर्ष पनि हवाई टिकट पाउन सकस




**टक नेपाल**

काठमाडौँ। बझाङका वसन्तराज जोशी दसैँको टिकटका लागि चिन्तित हुनुहुन्छ। अनलाइन र प्रत्यक्ष रुपमा सम्पर्क गर्दा टिकट बुकिङ सकिएको जवाफले उहाँ निराश हुनुहुन्छ । नजिकिएको दसैँमा गाउँघर पुगेर आफन्त र साथीभाइसँग रमाइलो गर्ने चाहना कस्लाई पो नहोला र ! तर, दसैँको मुखमा एयर लाइन्सको टिकट पाउन मुस्किल छ । केही गन्तव्यको टिकट त महिनादिनअघि नै बुकिङ सकिएको छ । अहिले कतिपय सुगम गन्तव्यको हवाई टिकट पाउन पनि ग्राहकलाई मुस्किल छ । चाडपर्वमा यात्रुले महङ्गो भाडा तिरेर पनि हवाई टिकट पाउन सास्ती छ । गत वर्षको दसैँमा रु १७ हजार छ सय हवाई भाडा तिरेर काठमाडौँदेखि धनगढी हुँदै बझाङ पुगेका जोशीलाई यो वर्ष महङ्गोमै भए पनि टिकट लिएर घर पुग्ने सकस छ। "अघिल्लो वर्ष महङ्गो टिकट खरिद गरेर दसैँमा घर गइएको थियो, यो पटक त टिकट नै पाउन मुस्किल भइरहेको छ, दसैँको सङ्घारमा अब झन् टिकट पाउन सास्ती हुन्छ", जोशीले भन्नुभयो। महङ्गो टिकट भए पनि जहाज पाउनै कठिनाइ हुन्छ। दुर्गम रुटमा चल्ने थोरै सङ्ख्याका जहाजको कम उडान हुने हुनाले 'हब' विमानस्थलबाट दुर्गम भेगमा जानेलाई थप सास्ती बेहोर्नुपर्ने हुन्छ। धनगढीकी निशा पाण्डे यतिखेर दसैँको टिकट जोहोका लागि एयरलाइन्स धाइरहनुभएको छ। अनलाइन बुकिङ सकिएको र सम्बन्धित एयरलाइन्सको टिकट काउन्टरमा पनि सिट नपाएर हैरानी खेप्नु परेको पाण्डेले सुनाउनुभयो । खोटाङकी दीपा राई दसैँमा घर जानका लागि हवाई टिकटको खोजीमा हुनुहुन्छ । "जहाजको टिकट खोजिरहेको छु, अहिलेसम्म पाएको छैन, दसैँमा कसरी घर पुग्ने हो चिन्तित छु", उहाँले भन्नुभयो । दसैँमा आवतजावत गर्ने महत्वपूर्ण माध्यम भनेको सडक तथा हवाई यातायात नै हो । अझ प्रभावकारी यातायातका रुपमा हवाईसेवालाई लिइन्छ। दसैँ आउन दुई साता बाँकी रहँदा अहिले अधिकांश गन्तव्यको टिकट बुकिङ भइसकेको छ । वायु सेवा सञ्चालक सङ्घका प्रवक्ता योगराज कँडेल शर्माले दसैँका लागि धमाधम बुकिङ भइरहेको जानकारी दिनुभयो । अहिले धेरैजसो गन्तव्यको अनलाइन बुकिङ सकिएको उहाँले बताउनुभयो। सामान्यतया दसैँ आउन एक महिनाअघिदेखि नै हवाई टिकट खुलाइन्छ । अहिले अनलाइनबाट सहज रुपमा टिकट पाइने भएकाले अधिकांश हवाई गन्तव्यको टिकट बुकिङ भइसकेको एयरलाइन्सले जनाएका छन्। उनीहरुका अनुसार दसैँलाई लक्षित गरेर अहिले ८० प्रतिशत हाराहारी टिकट बुकिङ भइसकेको छ। बुद्ध एयरका सूचना अधिकारी दीपेन्द्र कुमार कर्णले दसैँका लागि अहिले ८० प्रतिशतसम्म बुकिङ भइसकेको जानकारी दिनुभयो। "दसैँलाई लक्षित गरेर केही 'सेक्टर' मा ८० प्रतिशत र कतिपय सेक्टरमा ७० प्रतिशत बुकिङ भइसकेको छ", उहाँले भन्नुभयो, "अब सहुलियत भाडादरको टिकट पाउन मुस्किल छ, त्यसैले यात्रुले भटाभट टिकट लिनुपर्ने हुन्छ ।" तुम्लिङटारका महिनादिनअघि

### नै बुकिङ पुरा

सङ्खुवासभाका सविन कार्कीले तुम्लिङटारको टिकट पाउन सक्नुभएको छैन। उहाँ दसैँ नजिकिएकाले अब वैकल्पिक साधनको प्रयोगबाट गन्तव्यमा जाने निष्कर्षमा पुग्नुभएको छ । आन्तरिक उडानको महत्वपूर्ण 'स्टल रुट' मानिने तुम्लिङटार र सुर्खेत गन्तव्यको अग्रिम बुकिङ सकिएको एयरलाइन्सले जनाएका छन् । बुद्ध एयरका सूचना अधिकारी कर्णका अनुसार बुद्ध एयरको तुम्लिङटार गन्तव्यको टिकट सबै बुकिङ भइसकेको छ। सुर्खेतका लागि पनि अब टिकट पाउन मुस्किल छ । बुद्ध एयरले अहिले १६ थान एटिआर जहाजमार्फत दैनिक दुईतर्फी एक सय ५० हाराहारी उडान गरिरहेको छ । "तुम्लिङटार 'प्याक' भइसक्यो, अब कसैले 'सिट क्यान्सिल' गरेमा मात्रै पाइएला, सहुलियत भाडाको दर पनि बढ्नेछ, यात्रुले तत्कालै टिकट काटे सहुलियत भाडादरमा पाउनसक्ने ढिला गरेमा त्यो पाउने सम्भावना कम हुन्छ", सूचना अधिकारी कर्णले भन्नुभयो । धनगढीका लागि रु १७ हजार बढी भाडा बुद्ध एयरका अनुसार दसैँको घटस्थापनासम्मका लागि काठमाडौँदेखि धनगढीसम्म दसैँका लागि अधिकतम भाडादर रु १७ हजार एक सय ८६ रहेको छ। उक्त गन्तव्यमा अहिले सहुलियत भाडादर रु ११ हजार एक छ। त्यस्तै सुर्खेतको महङ्गो रु १४ हजार एक सय ६८, नेपालगञ्जको महङ्गो भाडादर रु १३ हजार तीन सय ९४ रहेको छ । काठमाडौँदेखि भद्रपुरको भाडादर अधिकतम रु १२ हजार तीन सय ८३ तोकिएको छ । उक्त गन्तव्यको सहुलियत भाडादर रु आठ हजार एक छ । दसैँ, तिहार, छठलगायत चाडपर्व नेपालीको महत्वपूर्ण उत्सव हुन् । दसैँमा गाउँघर जाने, आफन्तसँग भेटघाट गर्ने र नयाँ लुगा लगाउने परम्परा छ। वर्षदिनको महत्वपूर्ण चाड भएकाले देश तथा विदेशबाट सहर, सदरमुकामदेखि गाउँबेँसी पुग्नेको लर्को लाग्छ। उनीहरु आफन्त र मान्यजनबाट टीका तथा आशीर्वाद थाप्न लामो यात्रा तय गरेर गन्तव्यमा पुग्छन् । "दसैँका लागि अधिकांश बुकिङ भइसकेको छ, यात्रुको मागका आधारमा उडान सङ्ख्या थप्ने योजनामा छौँ, 'ट्रङ्क रुट' मा त्यति समस्या छैन 'स्टल रुट' मा जहाज सीमित भएकाले अत्यधिक चाप हुन्छ", उहाँले भन्नुभयो। वायु सेवा सञ्चालक सङ्घका प्रवक्ता शर्माले दसैँ लक्षित अनलाइन बुकिङ सकिए पनि जहाज पर्याप्त रहेकाले थप उडान सञ्चालन गरिने जानकारी दिनुभयो । आन्तरिक उडानका बुद्ध एयर, यती एयरलाइन्स, श्री एयरलाइन्स, सौर्य, सिम्रिक, सीता र समिट एयरको अग्रिम बुकिङ धमाधम भइरहेको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका अनुसार अहिले आन्तरिकतर्फ ११ हेलिकप्टर कम्पनीसहित २० र अन्तर्राष्ट्रियमा तीन नेपालीसहित ३० वायुसेवा प्रदायकले उडान भर्दै आएका छन् । विमानस्थलका महाप्रबन्धक प्रतापबाबु तिवारीका अनुसार आन्तरिक उडानतर्फ अहिले दैनिक तीन सय हाराहारी दुईतर्फी उडानमार्फत झन्डै १५ हजार यात्रु आवतजावत गरिरहेका छन्। महाप्रबन्धक तिवारीले दसैँमा यो सङ्ख्या थप बढ्नसक्ने भएकाले उडान सङ्ख्या पनि बढ्ने बताउनुभयो। यती एयरलाइन्सका प्रवक्ता सुदर्शन बर्तौलाले अहिलेसम्म ५० प्रतिशतभन्दा माथि बढी टिकट बिक्री भइसकेको बताउनुभयो । उहाँले भन्नुभयो, "पहिला जस्तो दसैँलाई मात्र भनेर बुकिङ खुलाउने गरिएको छैन, टिकट अनलाइनमा सहजै पाइने भएकाले बुकिङ धमाधम भइरहेको छ, घटस्थापनापछि बढी चाप हुन्छ।" प्रवक्ता बर्तौलाका अनुसार अहिले अनलाइन बुकिङ हुने र एयरलाइन्सले ठूला जहाज सञ्चालन गरेकाले विगतमा जस्तो टिकट अभाव नहुने विश्वास व्यक्त गर्नुभयो । यती एयरलाइन्सले पाँच थान एटिआर जहाजमार्फत सेवा दिइरहेको छ । तुलनात्मक रुपमा हवाई यात्रा महङ्गो भए पनि सहज, सुलभ र छिटोछरितो यातायात भएकाले हवाई यात्राप्रति यात्रुको आकर्षण बढ्दो छ । कमाइका हिसाबले पनि यो मौसम उपयुक्त मानिन्छ । त्यसैले केही महँगो भए पनि हवाई यात्राका लागि अधिकांश यात्रु लालायित हुन्छन् । दसैँमा राजधानी काठमाडौँ छाडेर गाउँघर पुग्ने यात्रुको चहलपहल बढी हुन्छ। टीकाको भोलिपल्टदेखि राजधानी फर्किने यात्रुको चाप बढ्छ। वायुसेवा कम्पनीका अनुसार अहिले दसैँको अन्तिम दिनलाई लक्षित गरी उच्च दरमा टिकट लिने क्रम बढेको छ। विशेषगरी फूलपातीदेखि विजयादशमी टीकासम्म चाप बढी हुन्छ । अग्रिम बुकिङ सोही अनुरुप हुने गरेको एयर लाइन्स कम्पनीले जनाएका छन् । नेपाली पात्रोअनुसार यस वर्ष यही असोज २८ गते घटस्थापना र आगामी कात्तिक ७ गते विजयादशमी टीका रहेको छ।

### असी प्रतिशत बुकिङ

बुद्ध एयरको विभिन्न गन्तव्यमा ८० प्रतिशत हाराहारी बुकिङ भएको छ । यती एयरलाइन्सले आफ्नो करिब ६० प्रतिशत अनलाइन बुकिङ भइसकेको जनाएको छ। श्री एयरलाइन्सको पनि सोही हाराहारीमा बुकिङ भइसकेको छ । श्री एयरलाइन्सका व्यवस्थापक अनिल मानन्धरले दसैँका लागि कम्पनीको विभिन्न गन्तव्यमा बुकिङ भइरहेको बताउनुभयो । विगतमाजस्तो यस पटकको दसैँमा यात्रुले टिकट पाउन समस्या नहुने उहाँको भनाइ छ। श्री एयरलाइन्सले 'ड्यास एट' चार थान जहाजले आन्तरिक उडान गर्दै आएको छ । आन्तरिक उडानका सौर्य एयर लाइन्स र समिट एयरले पनि दसैँ र तिहारलाई केन्द्रित गरी अग्रिम बुकिङ खुला गरेको जनाएका छन् ।









## अख्तियारले चासो लिएपछि
# फर्जी कागजको तयारी

■ टक नेपाल




सप्तरी । सप्तरीको कञ्चनरुप नगरपालिकाले पेडा प्रबर्द्धन कार्यक्रममा कामै नगरी करीब १५ लाख भुक्तानी गरेको प्रति अख्तियार दुरुपयोग अनुसन्धान आयोगले चासो लिएको छ । यस बारे न्यूज टुडेमा समाचार प्रकाशित भएपछि आयोगको ईटहरीस्थित कार्यालयले मेलमार्फत पत्र पठाएर चासो लिएपछि नगरपालिका फर्जी कागजको तयारीमा लागेको जानकारी प्राप्त भएको हो । आयोगले पेडा प्रबर्द्धन कार्यक्रममा कामै नगरी १४ लाख ९० हजार भुक्तानी गरेका बारेमा के कसो छ ? भनि सोधे पछि नगरपालिकाले गत असार २४ गतेको मिति राखेर पेडा प्रबर्द्धन कार्यक्रमकालागि डिप फ्रिज बितरण गर्ने भन्दै तीन जना व्यवसायीको नाम छनौट गरी पठाई दिनु भनि तीन वटा वडालाई पछाडि पत्र लेखेर कागजी मिलान गर्न लागि परेको नगरपालिकाकै एक कर्मचारीले जानकारी दिएका छन् ।

*बाँकी पृष्ठ २ मा*

# बटेश्वरमा ट्र्याक्टरको ठक्कर बाट एक महिलाको मृत्यु

■ टक नेपाल




धनुषाको बटेश्वरमा ट्र्याक्टरको ठक्करबाट एक महिलाको मृत्यु भएको छ । मृत्यु हुने बटेश्वर गाउँपालिका वडा नं. ५ शान्तिपुर बस्ने वर्ष ४० की रेखा देवी महतो छन् । बिहीबार साँझ ज १० प २५७ नम्बरको अपाचे मोटरसाइकलमा चढेर माइत जाँदै गरेको बेला विपरीत दिशबाट आउँदै गरको प्रदेश २-००२-०१ प ६३६६ नम्बरको मोटरसाइकल एक आपसमा ठोक्किएको थियो । लगतै पछाडिबाट फलाम बोकेर आउँदै गरेको ज १ त ५३५८ नम्बरको ट्र्याक्टरले महतोलाई ठक्कर दिएकोथियो सो ठक्करबाट गम्भीर घाइते महिलालाई उपचारका लागि जनकपुर लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरका प्रहरी निरीक्षक दीपक कार्कीले जानकारी दिए । विपरीत दिशाबाट आउँदै गरेको मोटरसाइकलमा सवार बटेश्वर गाउँपालिका ३ का युवक गंगाराम महरा घाइते भएका छन्। उनको उपचार जनकपुरमा भइरहेको छ । ट्र्याक्टरसहित तीनवटै सवारी प्रहरीले नियन्त्रणमा लिएको छ । ट्र्याक्टर चालक मिथिला नगर पालिका २ नक्टाभिजका प्रमोद ठाकुरलाई पक्राउ गरी थप अनुसन्धान गरिरहेको प्रहरी निरीक्षक कार्कीले जानकारी दिए।

विज्ञापनको लागि सम्पर्क गर्नुहोस्
सम्पर्क नम्बरहरु
९८०७८२१०१४, ९८६३२१०१४
९८०४८०४७००
टक नेपाल राष्ट्रिय दैनिक पत्रिका







"समयमा आफ्नो स्वास्थ्य जाँच गराउ र स्वस्थ रहौं ।"

LIVER FUNCTION TEST
- Bilubine Total/Direst
- SGOT
- SGPT
- ALP
- Total Protine
- Albumine
- Globline
- AG-Ratio
- GGT

Rs. 2800/-

WHOLE BODY CHECKUP
-CBC
- RBC
- LFT/RFT
- TSH
- URINE R/E
- LIPID PROFILE
- USG/ECG/X-RAY

Rs. 6000/-

CARDIAC PROFILE
- CPK
- CK MB
- SGOT
- TROPONIN
- LDH
- TOTAL CHOLESTEROL
- TRIGCYCERIDE

Rs. 5000/-

DIABETS PACKAGE
- URIN R/E
- RFT
- LIPID PROFILE
- CBC
- Glucose/F/PP
- MICRO AIBUMIN
- HBAIC

Rs. 4800/-

"गुणस्तरीय सेवा, हाम्रो प्रतिबद्धता"

शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
बर्दिबास-१४, औरहीरोड सम्पर्क : ०४४-५५०२५५, ९८४४०१५६१६, एम्बुलेन्स : ९८१२०८५६०४

बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, अध्यक्ष : अन्जीत कुमार चौधरी, सम्पादक : रंजुकुमारी साह, सल्लाहकार सम्पादक : ईश्वरी काफ्ले, प्रवन्धक : बिनोद ढुंगेल, साजसज्जा : बिबेक कुमार महतो
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस, बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बर्दिबास, महोत्तरी E-mail : talknepalnationaldaily@gmail.com